नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प.सं. : २०८२/८३
च.नं. : ६६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

मितिः२०८२।१२।२६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह सबै
श्री विद्यालय सबै

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.न. ४३५ मिति २०८२।१२।२५ को पत्रानुसार "**२०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने**" भन्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति२०८२।१२।२२ को निर्णय साथै २०८२।१२।२३ देखि सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थामा शनिबार र आइतबार २ दिन सार्वजनिक बिदा दिने निर्णय भएको सन्दर्भमा परिवर्तित शैक्षिक सत्र एवम् सार्वजनिक बिदाअनुसार शैक्षिक कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने व्यवस्थाका लागि सम्पूर्ण विद्यालयहरूलाई आवश्यक समन्वय एवम् सहजीकरण गरिदिनुहुन भनी लेखी आएकाले सो सम्बन्धमा २०८३ वैशाख २ गतेदेखि तपसिलअनुसारका शैक्षिक गतिविधि लगायत विभिन्न प्रवर्धनात्मक र रचनात्मक शैक्षिक कार्यहरू गर्नु गराउनुहुन यस केन्द्रको मिति २०८२/१२/२६ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः
१. शैक्षिक सत्र २०८३ को कार्ययोजना निर्माण गर्ने
२. वार्षिक कार्यतालिका, शैक्षणिक योजना निर्माण/तयारी गर्ने
३. विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने
४. शिक्षकको पेशागत क्षमता विकासका कार्यहरु सञ्चालन गर्ने
५. विद्यार्थीको सिकाइ उपलब्धि सुधारसम्बन्धी योजना निर्माण गर्ने

पुनश्चः *शैक्षिक सत्र २०८३ को भर्ना अभियान २०८३ वैशाख १५ गतेबाट शुरु हुने र २०८३ वैशाख २१ गतेबाट पठनपाठन सुरु हुने व्यहोरासमेत अनुरोध छ ।*

२०८२/१२/२६

डा. श्याम प्रसाद आचार्य
निर्देशक

**बोधार्थः**
श्री शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): आवश्यक समन्वय एवम् सहजीकरण गर्नुहुन ।